मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १८९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ १३ गते आइतवार (Sunday, 26 May . 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## पेस्तोलसहित दुई जना पक्राउ

**झापा, जेठ १२।** खडक नगरपालिका-८ भदियाबाट पेस्तोल १ थान, सोही पेस्तोलमा लाग्ने गोली २ राउण्ड र म्यागजिन २ थानसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सुरुङ्गा नगरपालिका -६ श्रीपुर बस्ने ४५ वर्षीय बिशेश्वरप्रसाद साह र काठमाडौं टोखा नगरपालिका-८ बस्ने ४२ वर्षीय बमबहादुर तामाङ रहेका छन् । इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरीले बोदेबर्साईनबाट बिसनपुरतर्फ जाँदै गरेको स.६ प ५९०८ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त हतियारसहित फेला पारी पक्राउ गरेको हो ।

## मेचीपारिका किसानलाई कृषि सामग्री वितरण



**भद्रपुर , जेठ १२ ।** भद्रपुर नगरपालिकाले 'मेचीपारि तरकारी बारी' पकेट कार्यक्रमअन्तर्गत त्यहाँका किसानलाई कृषि सामग्री वितरण गरेको छ । भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलले शनिवार आयोजित एक कार्यक्रममा ती सामग्री वितरण गरेका हुन् ।

मौसमी खेतीमा मात्र निर्भर रहेका कृषकलाई बेमौसमी खेतीतर्फ आकर्षित गरी बढी मुनाफा आर्जन गर्ने उद्देश्यले सिँचाइ पाइप, टप सिँचाइ मोटर, उन्नत बीऊ, प्राङ्गारिक मल, स्प्रे ट्याङ्कलगायत सामग्री वितरण गरिएको कृषि विकास अधिकृत सुमन बिमलीले जानकारी दिए ।

**मेचीपारिको तरकारी**

मेचीपारिको उपज नेपाली बजारसम्म ल्याउन पुलको समस्या हुँदा बारीमै कुहिने गरेको यहाँका किसानको गुनासो छ ।

स्थानीय किसान अनय राजवंशीले यहाँको उत्पादनले बजार पायो भने जिल्लाभरिलाई पुग्ने आलुलगायत अन्य तरकारी उत्पादन गर्न सकिने दाबी गरे ।

नगरप्रमुख पोखरेलले भद्रपुरमा सङ्कलन केन्द्र स्थापना गर्दै किसानले उत्पादन गरेको कृषिउपज ढुवानीको व्यवस्था नगरपालिकाले गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले कृषकले उत्पादन गरेको कृषि उपज बिक्री नभए नगरपालिकाले समर्थन मूल्य बराबर रकम उपलब्ध गराउने बताए । कृषकलाई ढुक्क भएर तरकारी खेती गर्न नगरप्रमुख पोखरेलले आग्रह गरे ।

नगरपालिका कृषि विकास शाखाका अनुसार 'मेचीपारि तरकारी बारी' पकेट कार्यक्रम गत आर्थिक वर्षदेखि सञ्चालन हुँदै आएको हो ।

भद्रपुर नगरपालिकाको मेचीनदी पारिको गाउँमा अधिकांश राजवंशी समुदायको बसोबास रहेको नगरपालिका कार्यालयले जनाएको छ ।

### ढल्केबर-इनरूवा प्रसारण लाइन अन्तिम चरणमा

## पूर्वी क्षेत्रमा विद्युत थपिँदै

**झापा, जेठ १२।** ढल्केबर-इनरुवा चार सय किलोभोल्ट प्रसारण लाइन निर्माण अन्तिम चरणमा पुगेको छ ।

माथिल्लो तामाकोशी जलविद्युत् आयोजना लगायत अन्य आयोजनाबाट उत्पादित बिजुली देशका पूर्वी भेगमा प्रवाह गर्ने हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइनको काम अन्तिम चरणमा पुगेको आयोजनाका प्रमुख श्याम यादवले बताए ।

पूर्वी खण्डको काम सम्पन्न हुने चरणमा छ । ढल्केबर पश्चिम खण्डमा भने विभिन्न स्थानमा अझै पनि अवरोध छ । अवरोध हटाएर आयोजना सम्पन्न गर्न हामी लागिपरेका छौँ - उनले भने । देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी डबल सर्किट प्रसारण लाइन आयोजना शुरु गरिए पनि स्थानीयको अवरोध, वन क्षेत्रको जग्गा प्रयोगलगायतका समस्याका कारण रुग्ण बन्दै आएको छ ।

पूर्वी खण्डको काम सम्पन्न भएपछि माथिल्लो तामाकोशीलगायत आयोजनाको बिजुली पूर्वी भागका औद्योगिक क्षेत्रमा मागअनुसार आपूर्ति गर्न सहज हुनेछ । मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ स्थित थानाभर्‍याङबाट शुरु भई धनुषाको ढल्केबर हुँदै सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसनसम्मको प्रसारण लाइनको लम्बाइ दुई सय ८८ किलोमिटर छ । पूर्वी खण्डको काम प्रायः पूरा भएकाले उद्घाटनको तयारी भएको तथा त्यसनिम्ति ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई अनुरोध गरिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

प्रसारण लाइनलाई हेटौँडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी विगत ११ वर्षदेखि काम जारी छ ।



पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने प्रसारण लाइनका लागि सात सय ९२ वटा टावर निर्माण गर्नुपर्छ । धेरै जसो टावरको काम भए पनि स्थानीयवासीले प्रसारण लाइनको मार्ग स्थानान्तरण गरिदिन माग गर्दै अवरोध गरेका कारण बाँकी ३५ वटा टावरको काम नै रोकिएको छ ।

मोरङ - सुनसारी औद्योगिक करिडोरलगायत समग्र पूर्वी नेपालको माग धान्नका लागि भारतबाट थप विद्युत् आयात तथा वर्षायाममा देशभित्र खपत गरी बचत भएको विद्युत् निर्यात गर्न यो प्रसारण लाइन जतिसक्दो चाँडो सम्पन्न गर्नुपर्ने दबाबमा प्राधिकरण रहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले रणनीतिक महत्वका हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइन सम्पन्न गर्न राज्यको सम्पूर्ण संयन्त्रले सहयोग नगर्ने हो भने ठूलो विपत् आउनसक्ने बताए ।

कूल ४००/२२० केभी क्षमताका तीनवटा सबस्टेसन निर्माण सम्पन्न भइसकेको छ ।

हेटौँडा उपमहानगरपालिकाका वडाहरु १५, १६ तथा १७ स्थित हटिया र सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर क्षेत्रमा करिब ६ वर्षदेखि निर्माणमा अवरोध छ । हटिया क्षेत्रमा १४, हेटौँडा-११ स्थित थानाभर्‍याङमा दुई र जियाजोर क्षेत्रमा आठवटा टावर निर्माणमा अवरोध छ ।

थानाभर्‍याङमा रहेको सबस्टेसनमा लाइन जडानका लागि दुईवटा टावर निर्माण गर्नुपर्नेछ । यसबाट ऐलानी जग्गामा बनेका ४६ वटाभन्दा बढी घर प्रभावित हुनेछन् ।

स्थानीयको अवरोध अन्त्य गर्न प्राधिकरणको निरन्तर प्रयास जारी छ । यद्यपि यसमा सफलता प्राप्त भएको छैन । प्रसारण लाइन मकवानपुरबाट बारा- रौतहट,-सर्लाही-महोत्तरी-धनुषा-सिराहा-उदयपुर-सप्तरीहुँदै सुनसरीको इनरुवासम्म निर्माण हुनेछ । प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटान स्वीकृतिको प्रक्रियागत उल्झन, ठेकेदारको कमजोर कार्यसम्पादनलगायत कारणले निर्माण प्रभावित भएको छ । कूल ३० महिनामा निर्माण सम्पन्न गर्ने २०६९ सालको माघमा ठेक्का सम्झौता भएको थियो ।

हेटौँडा-ढल्केबर-इनरुवा चार सय ४० केभी प्रसारण लाइन विद्यमान एक सय ३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ ।

प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दायाँबायाँ २३ मिटर हुनेछ । आयोजनाले पाँच सय १८ हेक्टर वन क्षेत्रमा रहेका रूखहरु काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमिन अधिग्रहण गर्नुपर्नेछ । मार्गाधिकारमा चार सय ७५ हेक्टर निजी जग्गा र एक सय ७१ वटा घर तथा अन्य संरचना प्रभावित हुनेछन् ।

कूल १७ करोड अमेरिकी डलर अनुमानित लागतको आयोजनामा नेपाल सरकार, विद्युत् प्राधिकरणको लगानी छ । यसअघि सो आयोजनाका लागि विश्व बैङ्कले सहुलियतपूर्ण ऋण उपलब्ध गराएको थियो । विश्व बैङ्कले आयोजनाबाट हात झिकेपछिको ऋण प्रवाह रोकिएसँगै बाँकी काम सरकार र प्राधिकरणले पूरा गर्नुपर्नेछ ।

## चिसाङ खोलामा फोहोर फालेपछि ...

**छविराज ढकाल**

**पथरीशनिश्चरे, जेठ १२।** मोरङको बेलबारी नगरपालिकाले अव्यवस्थित रुपमा फोहोरमैला फ्याँकेको भन्दै कानेपोखरी गाउँपालिकाका स्थानीयले विरोध जनाएका छन् ।

केही महिनाअघिदेखि बेलबारी नगरपालिकाले आफ्नै २ वटा ट्याक्टरमा राखेर दैनिक पूर्व-पश्चिम महेन्द्र राजमार्गको ( चिसाङ पुल) एक किलोमिटर दक्षिणमा पर्ने चिसाङ खोलाको पश्चिम किनारामा फोहरमैला फ्याँक्दै आएको स्थानीयले बताएका छन् ।



बेलबारी -१० मा पर्ने सो क्षेत्रमा फोहोर मैला फ्याँक्दा चिसाङ खोलामा प्रदूषण बढ्ने, सोही नदीको पूर्वपट्टि कानेपोखरी क्षेत्रका जनता तथा जीवजन्तुलाई प्रत्यक्ष असर पर्ने र बर्षातमा बाढी आउँदा अहिले फ्याँकिदै आएको फोहोर भेलबाढीले सतह बाहिर ल्याउन सक्ने भन्दै कानेपोखरी गाँउका स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् ।

बेलबारी नगरपालिकाले अहिले सो नदीको किनारामा करिब ८ फुट गहिरो खनेर फोहोर मैला व्यवस्थापन गर्दै आएको छ । नकुहिने प्लास्टिकजन्य फोहोरहरू

(बाँकी अन्तिम पृष्ठमा)

## छात्रालाई करणी गर्न खोज्ने पक्राउ

**ताप्लेजुङ, जेठ १२।** ताप्लेजुङमा एक छात्रालाई जबरजस्ती करणी गर्न खोज्ने युवक पक्राउ परेका छन् ।

विद्यालयबाट घर फर्किँदै गरेकी छात्रालाई बाटोमै जबरजस्ती करणी गर्न खोजेको आरोपमा फुङ्लिङ नगरपालिका-१० फुरुम्बूका २० वर्षीय विक्रम तामाङ पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक कमलकुमार लुङ्गेलीका अनुसार १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गर्न खोजेको अभियोगमा तामाङलाई पक्राउ गरिएको हो ।

चिच्याएको थाहा पाएपछि नजिकका स्थानीय तत्काल घटनास्थल पुगेकाले किशोरीमाथि जबरजस्ती करणी हुन नपाएको बताइएको छ ।

तामाङ भने त्यहाँबाट फरार भएको र खोजी गर्ने क्रममा साँझ ६:३० बजेतिर गोठमा बाँधेको भैँसीलाई करणी गरिरहेको अवस्थामा स्थानीयले फेला पारी नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए ।

तामाङविरुद्ध मुलुकी अपराधसंहिता, २०७४ को परिच्छेद १८ अन्तर्गत जबरजस्ती करणी उद्योग र पशु करणी कसुरमा जिल्ला अदालतबाट सात दिने म्याद लिई हिरासतमा राखेर अनुसन्धान शुरु गरिएको प्रहरी निरीक्षक लुङ्गेलीले जानकारी दिए ।

## हत्या गरेको अभियोगमा पक्राउ

**झापा, जेठ १२।** टेम्केमैयुङ गाउँपालिका-४ नागी बस्ने ६३ वर्षीय राजकुमार राईलाई भरूवा बन्दुक प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ६५ वर्षीय मणिप्रसाद राईलाई प्रहरीले पक्राउ गरेको छ ।

बाख्राले बाली खाएको विषयमा वादविवाद हुँदा मणिप्रसादले बन्दुक प्रहार गर्दा राजकुमारको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय दिल्पाबाट खटिएको प्रहरीले उनलाई बन्दुकसहित पक्राउ गरेको हो ।

यता पर्साको सखुवा प्रसौनी गाउँपालिका-४ प्रसौनी टोल बस्ने ५० वर्षीय ललाई हजरा दुसादलाई धारिलो हतियार चक्कु प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने २२ वर्षीय सुवाष हजरा दुसादलाई प्रहरीले पक्राउ गरेको छ ।

भैंसी चराउने क्रममा वादविवाद हुँदा सुवाषले चक्कु प्रहार गर्दा गम्भीर घाइते भएका

(बाँकी अन्तिम पृष्ठमा)

## कृत्रिम रूपमा पकाइएको आँप खाँदा सचेत हुन विज्ञको सुझाव

**झापा, जेठ १२।** प्राकृतिक रूपमा पाक्नुअघि नै बजारमा पाउन थालेका आँपमा रसायन प्रयोग गरिएको हुनसक्ने भन्दै विज्ञहरूले गुणस्तरप्रति उपभोक्ताहरू सचेत हुनुपर्ने बताएका छन् ।



खाद्य प्रविधि तथा फलफूल क्वारन्टिनका मामिलाका जानकारहरूले आँपलाई कृत्रिम रूपले पकाउन क्याल्सियम कारबाइडजस्ता रासायनिक यौगिकको प्रयोग गरिने भन्दै तिनको घातक असर हुन सक्नेमा उपभोक्ताहरुलाई सचेत गराएका हुन् ।

उक्त रसायनलाई फलफूलमा प्रयोग गर्न प्रतिबन्ध लगाइएको छ । तर हार्डवेअर पसलमा सहजै पाइने भएकाले आँप र केरालाई पकाउन त्यसको प्रयोग गरिने गरेको खाद्य प्रविधि तथा गुणनियन्त्रण विभागकी महानिर्देशक मतिना जोशी वैद्यले बताइन् ।

नेपालमा फलफूलको क्षेत्रफलमध्ये आँपले झन्डै ५० हजार हेक्टर भूभाग ओगटेको अधिकारीहरू बताउँछन् ।

**आँपलाई पकाउन के गर्ने गरिएको छ ?**

राष्ट्रिय फलफूल विकास केन्द्रका वरिष्ठ बागवानी विकास अधिकृत सूर्यप्रसाद बराल प्राकृतिक रूपमा आँप पक्ने समय भइनसकेको भन्दै अहिले बजारमा पाइने आँप खाँदा ध्यान दिनुपर्ने बताउँछन् ।

उनी भन्छन् - नेपालमा अहिले आँप पाक्ने बेला भइसकेको छैन् । अलि चाँडै फल्ने आँपका प्रजातिहरू पनि भट्टीबाट धुँवा नै लगाए पनि प्राकृतिक ढङ्गले पाक्ने भनेको जेठ अन्तिमतिर मात्रै हो । त्यही भएर क्याल्सियम कारबाइड राख्यो भने आँपहरू पाक्ने र रङ्ग आउने हुन्छ ।

उनले क्याल्सियम कारबाइड प्रयोग गरिएका आँपले स्वास्थ्यमा असर गर्ने भएकाले आफूहरूले उपभोक्ता र व्यवसायीहरूलाई त्यस्ता आँप नखान

(बाँकी अन्तिम पृष्ठमा)




# भद्रपुरसहित चार पालिकामा हात्तीपाइलेको औषधि वितरण अनपेक्षित

**बिर्तामोड, जेठ १२।** हात्तीपाइलेविरुद्धको राष्ट्रिय आम औषधि सेवन अभियानको म्याद १० दिन थप्दासमेत झापाका भद्रपुर नगरपालिकासहित चार पालिकामा भने अभियान अपेक्षित हुन सकेन ।

वैशाख १६ देखि ३० गतेसम्म निर्धारित अभियानलाई १० दिन म्याद थपेर जेठ १० सम्म पुऱ्याउँदा समेत भद्रपुरले लक्ष्य हासिल गर्न नसेको हो । नगरका ५४ प्रतिशतलाई मात्र औषधि सेवन गराउन सकेको भद्रपुरको नतिजा सबैभन्दा कमजोर बनेको छ ।

वैशाख १६ देखि ३० गतेसम्म अभियान सञ्चालन हुँदा भद्रपुरले ४४.२७ प्रतिशतलाई औषधि सेवन गराएको थियो । थपिएको १० दिनमा त्यसलाई बढाएर ५४ प्रतिशत पुऱ्याएपनि लक्ष्य हासिल गर्न नसकेको स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाह्रकोटीले बताए ।

भद्रपुरले गत वर्ष पनि ५३ प्रतिशतलाई औषधि सेवन गराएको थियो । भद्रपुरसँगै जिल्लाका चार पालिकाले ८० प्रतिशतभन्दा कमलाई मात्रै औषधि खुवाउन सकेको तथ्याङ्क रहेको छ । ८० प्रतिशतभन्दा कममा यो औषधि खुवाएमा कार्यक्रम असफल मानिन्छ । यस अभियानमा अर्जुनधारा नगरपालिकाले ७४.७९ प्रतिशत, हल्दिवारी गाउँपालिकाले ७७.४२ प्रतिशत र दमकले ७९.४६ प्रतिशतलाई औषधि सेवन गराएको हो । झापामा यस अभियानको सबैभन्दा बढी बिर्तामोडले १००.१२ प्रतिशत, बुद्धशान्तिले ९३.१८ प्रतिशत, शिवसताक्षीले ९२.३२ प्रतिशत, झापा गापाले ९०.९५ प्रतिशत, कचनकवलले ८९.०५ प्रतिशत, गौरादहले ८७.७७ प्रतिशत, गौरीगञ्जले ८७.७४ प्रतिशत, बाह्रदशीले ८६.७१ प्रतिशत, कनकाईले ८५.३१प्रतिशत, मेचीनगरले ८२.६९ प्रतिशत, कमलले ८१.५८ प्रतिशतलाई हात्तीपाइलेको औषधि सेवन गराएका छन् ।

१० दिन म्याद थपिँदा हात्तीपाइले रोगविरुद्धको आम औषधि खुवाउने कार्यक्रमअन्तर्गत झापाका ८३.९४ प्रतिशत अर्थात् आठ लाख ५० हजार ६० जनाले औषधि सेवन गरेका छन् । कूल १० लाख १२ हजार ६४२ जनालाई औषधि खुवाउने लक्ष्य राखिएको थियो । वैशाख १६ देखि ३० गतेसम्म सञ्चालित आम औषधि कार्यक्रमअन्तर्गत ७९.४६ प्रतिशतले औषधि सेवन गरेकोमा थपिएको म्यादमा सङ्ख्या बढेर ८३.९४ प्रतिशत पुगेको स्वास्थ्य कार्यालय झापाका प्रमुख बाह्रकोटीले बताए । केही पालिकामा असफल बने पनि समग्र जिल्लाभर भने कार्यक्रम सफल भएको बाह्रकोटीले दावी गरे ।

# जागिर लगाई दिन्छु भन्दै ठग्ने पक्राउ



**विराटनगर, जेठ १२।** नेपाल प्रहरीमा जागिर लगाई दिन्छु भन्दै ठगी गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कटहरी गाउँपालिका-३ का ४५ वर्षीय पन्चु पासवान रहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

पासवानले कटहरी गाउँपालिका-५ का राजकुमार उराऊलाई नेपाल प्रहरीको कार्यालय सहयोगी पदमा जागिर लगाई दिन्छु भनी ३ लाख ३० हजार रुपैयाँ नगद लिई ठगी गरेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो ।

जेष्ठ १२ गते पक्राउ परेका पासवानको ठगी कसुरमा सम्मानित मोरङ जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# किमाथांकासहित १४ नाका पुनः सञ्चालनमा



**संखुवासभा, जेठ १२।** सङ्खुवासभाको किमाथाङ्कासहित चीनसँग जोडिएका यस क्षेत्रका १४ वटै नाका पुनः सञ्चालनमा आएका छन् ।

कोरोना सङ्क्रमण फैलिने डरले चीन सरकारले २०७६ माघ ५ गतेदेखि विभिन्न नाका बन्द गरेको थियो ।

उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र चीनको स्वशासित क्षेत्र तिब्बतका उपाध्यक्ष सिलाम निमाले चीनको छेन्ताङमा शनिवार आयोजित एक समारोहबीच किमाथाङ्कासहित नेपाल-चीन सीमामा रहेका १४ वटै नाका पुनः सञ्चालनमा आएको संयुक्त रूपमा घोषण गरेका हुन् । नाका सञ्चालनको घोषणा कार्यक्रममा चीनको छेन्ताङ पुगेर फर्किने क्रममा सङ्खुवासभाको तुम्लिङटार विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उपप्रधानमन्त्री श्रेष्ठले परम्परागत नाका सञ्चालनमा आएको औपचारिक रूपमा घोषणा गरिएको बताए ।

उपप्रधानमन्त्री श्रेष्ठका अनुसार सात नाका आजैदेखि सञ्चालनमा आएका छन् भने अन्य सात नाका चाँडै खुला हुने छन् । नेपाल सरकारको निरन्तरको कूटनीतिक प्रयासपछि किमाथाङ्कासहित १४ वटा व्यापारिक नाका खुलाउन सफल भएको उनले बताए ।

गत वर्ष चैतमा जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणका अवसरमा नेपाल-चीन सीमा क्षेत्रमा रहेका सम्पूर्ण परम्परागत व्यापार नाका क्रमशः खुलाउने समझदारी भएअनुसार नै नाका पुनः सञ्चालन गरिएको उपप्रधानमन्त्री श्रेष्ठले बताए ।

उद्घाटन समारोहमा भाग लिन कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, गृह र परराष्ट्र मन्त्रालयका सहसचिव, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखलगायत उच्चपदस्थ अधिकारी सहभागी प्रतिनिधिमण्डल चीनको छेन्ताङ पुगेको थियो । किमाथाङ्का नाका खुलेपछि भोटखोलावासी उत्साहित भएका छन् । विगतमा यहाँका बासिन्दाले चिनियाँ बजारबाट खाद्यान्न आयात गर्दै आएका थिए । तर नाका बन्द भएपछि लामो समयदेखि उनीहरुले समस्या भोग्दै आएका थिए ।

किमाथाङ्कामा २०३५ सालमा भन्सार कार्यालय स्थापना भएको थियो । सशस्त्र द्वन्द्वपछि भोटखोलाको हटियास्थित सीमा भन्सार कार्यालय २०५७ सालमा सदरमुकाम खाँदबारी सारिएको थियो । भोटखोलावासीलाई तिब्बत प्रवेश गर्न स्थानीयस्तरमा अनुमतिपत्र वितरण गरिएको छ । किमाथाङ्का नाका सदरमुकामदेखि एक सय ६२ किलोमिटर टाढा पर्छ ।

# लक्ष्यभन्दा बढी राजश्व संकलन

भद्रपुर,जेठ १२ । भद्रपुर नगरपालिकाले चालू आर्थिक वर्षको १० महिनामा रु. चार करोड ८६ लाख ६६ हजार सात सय ७४ राजश्व सङ्कलन गरेको छ ।

नगरपालिकाले गत आवको सोही अवधिको तुलनामा रु. एक करोड १६ लाख ७२ हजार आठ सय २९ रुपैयाँ रकम बढी राजश्व सङ्कलन गरेको सूचना अधिकारी नेत्रप्रसाद पोखेलले जानकारी दिए । उनका अनुसार गत आवको १० महिनामा भद्रपुर नगरपालिकाले रु. तीन करोड ६९ लाख ९३ हजार नौ सय ४४ रुपैयाँ राजश्व सङ्कलन गरेको थियो ।

नगरपालिकाले चालू आर्थिक वर्षमा रु. पाँच करोड ५० लाख राजश्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । वैशाख मसान्तसम्म ८८ दशमलव ४९ प्रतिशत राजश्व सङ्कलन गरेको हो । राजश्व सङ्कलनको प्रकृति हेर्दा नगरपालिकाले राखेको राजश्व सङ्कलनको लक्ष्य सहजै भेट्न सकिन्छ,-सूचना अधिकारी पोखेलले भने ।

## पूँजीगत खर्च घट्यो

भद्रपुर नगरपालिकाले चालू आवको १० महिनामा रु. ५१ करोड ७० लाख ५४ हजार छ सय ६९ रुपैयाँ खर्च गरेको छ । नगरपालिकाको कूल बजेटको ५२ दशमलव ६३ प्रतिशत खर्च गर्दा पुँजीगतको तुलनामा चालूतर्फ बढी खर्च भएको छ । भद्रपुर नगरपालिकाको चालू आवको १० महिनामा पुँजीगत तर्फ ३७ दशमलव ६४ प्रतिशत खर्च भएको छ । चालूतर्फ ६३ दशमलव ०२ प्रतिशत खर्च भएको नगरपालिकाका सूचना अधिकारी पोखेलले जानकारी दिए ।

भद्रपुर नगरपालिकाको चालू आवको बजेट संशोधनसहित रु. ९८ करोड २३ लाख ४६ हजार रहेको छ ।

चालू आवको १० महिनामा गत आवको सोही अवधिको तुलनामा समग्रमा खर्च प्रतिशत दुई दशमलव ११ प्रतिशतले बढे पनि पुँजीगततर्फ एक प्रतिशतले खर्च घटेको नगरपालिकाले जनाएको छ ।

## कृत्रिम.....

अनुरोध गर्ने गरेको बताए ।

बरालले थपे, -बजारमा कति जनाले सुई हानेर आँप पकाएको पनि भन्नुहुन्छ, तर त्यस्तो होइन् । क्याल्सियम कारबाइडको चलन एकदमै छ । हाम्रो तराई र अझ विशेषगरी भारतबाट आउने आँपमा त्यस्तो देखिन्छ ।

आँप र केराजस्ता फलफूल पकाउन प्रयोग गरिने क्याल्सियम कारबाइडले मधुमेह, क्यान्सरजस्ता समस्याको जोखिम बढाउने अध्ययनहरूले देखाएका छन् ।

स्वास्थ्य विज्ञका अनुसार उक्त रसायनले स्नायुप्रणालीदेखि श्वासप्रश्वास प्रणालीसम्म असर गर्ने अध्ययनहरूले देखाएका छन् ।

उपभोक्तालाई कम हानि सुनिश्चित गर्नका लागि फलफूल पकाउन तिनलाई भट्टीमा राख्ने प्रणाली स्थापना गरिएको वरिष्ठ बागवानी अधिकृत बराल बताउँछन् । उनले भने - फलफूलको थोक बजारमा केरा र आँपलाई भट्टी लगाउने भनेर भन्ने गरिन्छ । त्यसो गर्दा २४ घण्टाजति धुँवा लगाउने र त्यसपछि गुम्स्याएर राख्ने गरिन्छ । त्यसपछि रङ्ग पनि आउँछ र पाक्छ पनि । त्यो क्याल्सियम कारबाइड प्रयोग गर्नुभन्दा कम हानिकारक हो ।

केन्द्रीय कृषि प्रयोगशालाका प्रमुख महेशचन्द्र आचार्यका अनुसार क्याल्सियम कारबाइड झन्डैझन्डै 'चुन जस्तै हिसाब'ले सस्तोमा पाइने भएकाले त्यसको प्रयोग उच्च रहेको छ । त्यसबाहेक एथिलीनको प्रयोग गरेर पनि आँप पकाउने गरिएको उनले बताए ।

उनले भने-पकाउनका लागि प्राविधिक रूपमा सिफारिस गरिएको एथिलीन हो । त्यसले एकदमै धेरै स्वास्थ्यमा असर गर्छ जस्तो लाग्दैन ।

**आँप खाँदा के ध्यान दिनुपर्छ ?**

विज्ञहरूले प्राकृतिक रूपमा पाकेका आँप खानु नै सबैभन्दा उपयुक्त हुने बताउने गरेका छन् ।

उनीहरूका भनाइमा कृत्रिम रूपले पकाइएका आँप खाँदा भने सावधानी अपनाउनुपर्छ ।

वरिष्ठ बागवानी विकास अधिकृत बराल भन्छन्- हामी मानिसहरूलाई भोलि बिहान आँप खानुछ भने आँपको भेट्नोलाई काटेर पानीमा २४ घण्टा राख्नुपर्छ भनेर सुझाव दिन्छौँ । त्यसो गर्दा त्यो रसायनको असर कम हुन्छ भनेर भन्ने गर्छौं ।

केन्द्रीय कृषि प्रयोगशालाका प्रमुख आचार्यले उपलब्ध भएसम्म क्लोरिन पानीको प्रयोग गरी आँपलाई त्यसमा डुबाउनुपर्ने बताए ।

उनले भने -नुन-पानी नै प्रयोग गऱ्यौँ भने पनि एक किसिमले त्यसले काम गर्छ । खाँदा पनि बोक्रा फ्याल्ने गर्नुपर्छ । कृषक र उपभोक्ता दुवैलाई कारबाइड प्रयोग नगर्ने विषयमा अझ जानकार बनाउनु जरुरी छ । जानकारहरूका अनुसार आँप फुलेपछि पाक्न साधरणतया तीनदेखि पाँच महिना लाग्छ ।

आँपमा लागेका फूलहरूमध्ये ९९.९ प्रतिशत झरेर जाने र साधरणतया ०.१ प्रतिशत फूलबाट आँप फल्ने राष्ट्रिय फलफूल विकास केन्द्रले प्रकाशित गरेको आँप खेती प्राविधिक पुस्तिकामा उल्लेख छ ।आचार्य थप्छन्, -अहिले अचार बनाउने तहमा पनि पुगेको छैन् ।

अब भित्र नछिप्पिएको तर बाहिर पाकेको आँप पनि आउँछ । अफ सिजनको फलफूलमा आकर्षित हुँदा त्यसमा हर्मोन, विषादी वा अरू चिज प्रयोग भएको हुन्छ । त्यही भएर सिजनको प्रयोग गर्नु राम्रो हो। किनभने त्यसमा विषादी कम हुन्छ ।

**क्यालसियम कारबाइडको प्रयोग रोक्न के गरिएको छ ?**

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागकी महानिर्देशक मतिना जोशी वैद्य नेपाल र भारतमा आँप र केरा जस्ता फलफूलमा जनस्वास्थ्यमा नकारात्मक असर पार्ने क्याल्सियम कारबाइड प्रयोग गर्ने गरिएका विवरणहरू आउने गरेका बताउँछिन् । उनले भनिन्, -त्यसमा हेभी मेटलको अवशेषहरू हुने भएकाले तिनले स्वास्थ्यलाई गम्भीर असर गर्ने ठानिन्छ । नेपालमा खाद्य पदार्थमा क्याल्सियम कारबाइडको प्रयोगमा प्रतिबन्ध नै लगाइएको छ । भारतमा पनि यो प्रतिबन्धित छ ।"

उनका अनुसार उक्त कालो रसायन आँपमा छर्कने गरिने र त्यसले गर्दा सो फललाई एकछिन गुम्म पारेपछि भोलिपल्टै पाक्ने गर्छ । क्याल्सियम कारबाइडलाई प्रतिबन्धित गरिएकाले खाद्य निरीक्षकहरूले त्यसलाई प्रयोग गर्ने कृषक र व्यवसायीलाई कारबाहीको दायरामा ल्याउन सक्ने जोशी सुनाउँछिन् ।

एसिटिलिन ग्यास उत्सर्जन प्रयोग गरिने क्याल्सियम कारबाइड स्टीलको उत्पादन र धातुलाई काट्नलाई प्रयोग गरिने बताइन्छ ।

## चिसाङ.....

बर्षाको समयमा बाढीले बगाउने, बगाइएका धेरै चिजहरूले नदीको पानी प्रदूषित बन्ने, त्यहाँ फ्याँकिएका औषधि जन्य चिजहरूका कारण सिँचाइको लागि पैंनीबाट लगिएको पानी विषालु हुन सक्ने त्यसले जीवजन्तु तथा जनावरहरूलाई प्रत्यक्ष असरहरू पर्ने भन्दै कानेपोखरी गाउँपालिका वडा नम्बर -५ मा रहेको जनजागृति सामुदायिक वन उपभोक्ता समूहका सहसचिव गोविन्द अधिकारी 'बबी'ले चिन्ता व्यक्त गरे ।

पछिल्ला ६-७ महिना यता २ वटा गाडी ट्याक्टरमार्फत फोहोर मैला ल्याएर खोला किनाराभित्रै खनी फ्याँक्दै आएको पाइएको छ । उक्त नदीको पश्चिम किनारमा फोहोरमैला छुट्याउने केन्द्र भन्दै एउटा टहरो पनि निर्माण गरिएको स्थानीयले बताएका छन् ।

कुहिने र नकुहिने फोहोर मैलालाई व्यवस्थित रूपमा व्यवस्थापन गर्ने भनिए पनि सो टहरो प्रयोगविहीन देखिन्छ ।

बेलबारी नगरपालिकाले चिसाङ नदी पश्चिमपट्टि खोला किनारामा खाल्टो खनेर व्यवस्थित गरे पनि पछि भेलबाढीको समयमा खोलाले प्लास्टिकजन्य चिजहरू खोतल्ने र बगाउने जोखिम रहेको स्थानीयका भनाइ छ। कानेपोखरी गाँउका किसानहरूले कुलो र पैनीमार्फत वर्षौंदेखि सिँचाइको लागि सोही खोलालाई प्रयोग गर्दै आएका छन् । आफ्ना मागको सम्बोधन नगरी नगरपालिका अगाडि बढे वन उपभोक्ता समूह जस्तोसुकै कदम चाल्न पछि नहट्ने र कानूनी न्यायका लागि अघि बढ्ने उनीहरुले चेतावनी दिएका छन् । हाल यस समूहमा २३ सयभन्दा बढी घरधुरी (वन उपभोक्ता) रहेका छन् ।

यसैबीच बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राईलाई टेलिफोनमा सम्पर्क गरी जिज्ञासा राख्न खोज्दा उनले आफू कार्यक्रममा रहेको बताएका थिए ।

## हत्या.....

ललाई हजराको नारायणी अस्पताल वीरगञ्जमा उपचारको क्रममा मृत्यु भएको थियो । हत्याको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।


## काठ सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

**प्रथमपटक प्रकाशित मिति : २०८१।०२।१३**

**सपना सा.व.उ.स., माई न.पा.-५ इलामको वनबाट काठहरु उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएका काठहरु डि.व.का. इलामको च.नं. ८२८४ मिति २०८०/१२/०१ गते र च.नं. १०८१९ मिति २०८१/०२/०६ गतेको लिलाम सहमति अनुसार साल गोलिया थान ४७ को ६१०.२९ क्यु.फि. र अन्य जात गोलिया थान १९ को १८९.४० क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीका लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरुको सूचना पाटीमा टाँस गरिएको छ ।**

**श्री सपना सा.व.उ.स.**
**माई न.पा. -५, इलाम**

## मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल

**बिर्तामोड -५, झापा**

## सिलबन्दी दरभाउ-पत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८१।०२।१३**

आ.व. २०८१/०८२ का लागि मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल, बिर्तामोड, झापालाई तपशिलमा उल्लेखित सेवा सञ्चालन र सामग्रीहरु आपूर्ति गर्नुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त सेवा सञ्चालक तथा सप्लायर्सहरुले आवश्यक कागजात समेत संलग्न राखी आफूले सप्लाइ गर्न चाहेको सामाग्रीको ब्राण्ड र कवोल गरेको दररेट रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरी उल्लेख गर्दै अस्पतालले उपलब्ध गराएको फारम यो सूचना प्रथमपटक प्रकाशित गरेको मितिले २१ दिन भित्र कार्यालय समयभित्र (शनिबार बाहेक) अस्पतालको प्रशासन शाखाबाट फारम लिई सिलबन्दी दरभाउ पत्र सुचिकरणका लागि पेश गर्न आव्हान गरिन्छ ।

सूचिकरण गरिएका सप्लायर्सहरु मध्ये प्राप्त दर भाउ-पत्रहरुलाई छानविन गरी अन्तिम निर्णय गर्ने सम्पूर्ण अधिकार अस्पतालमा निहित रहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल**

१. ल्यावका रिएजेन्ट, अन्य ल्याब आइटम तथा केमिकल्स
२. सर्जिकल आइटमहरु
३ सर्जिकल इन्स्टुमेन्टहरु
४. क्लिनीङ यूटिलीटी आइटम ( सरसफाईका सामग्री )
५. स्टेशनरी सामानहरु
६. छपाई सम्वन्धि कामहरु
७. कम्प्यूटर, प्रिन्टर, पार्टस तथा टोनर रिफिलिङ
८. इलेक्ट्रिकल्स सामग्रीहरु
९. लण्ड्री सेवा सम्बन्धी आइटमहरु
१०. जेनेरेटर मर्मत सेवा र पार्टसहरु
११. AC मर्मत सेवा र पार्टसहरु
१२. तोकिएका मेडिसिनहरु
१३. डेन्टल आइटमहरु
१४. अर्थो इम्प्लान्ट आइटमहरु
१५. प्लम्बिङ्का सामग्रीहरु
१६ डाइलोसिस सम्बन्धीत सम्पूर्ण सामग्रीहरु
१७ अस्पतालको युनिर्फम तथा लिनेन (Linens) सम्बन्धी सामग्रीहरु

**संलग्न गर्नुपर्ने कागजातहरु सम्बन्धमा**

- सप्लाइ गर्ने सेवा र सामग्री सम्बन्धी अस्पतालले उपलब्ध गराएको फारम भरी संलग्न राख्नुपर्ने
- कम्पनी/फर्म दर्ता प्रमाणपत्र - स्थायी लेखा नम्बर प्रमाणपत्र (VAT/PAN)
- करचुक्ता प्रमाणपत्र ( latest )
- आफूले सप्लाई गर्ने सामग्रीको producer / importer / Distributer/ आधिकारिक विक्रेता मध्ये आफू जे हो सो को आधिकारिक कागजातहरु ।

विस्तृत जानकारीका लागि सम्पर्क:
**मनमोहन मेमोरीयल सामुदायिक अस्पताल**
बिर्तामोड, झापाको प्रशासन शाखा
फोन नं. ०२३-५३५२५१
Email : manmohan.procurement@gmail.com





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## गर्मीबाट जोगिऔं

देशभरको तापक्रम असाध्यै बढेको छ । बढ्दो प्रदूषण, वनजंगलको विनाश तथा आगलागी जस्ता कारणले बढेको तापक्रमका कारण गर्मी असाध्यै बढेकाले जनजीवन अति कष्टकर हुन थालेको छ । मौसमविद्हरुले केही दिनअघि नै वर्षा नभएका कारण तापक्रम अझै बढ्न सक्ने भन्दै सबैलाई सचेत गराएको थियो । विभागले गर्मी बढेर 'लु' चल्न सक्ने भएकाले सतर्कता अपनाउन सर्वसाधारणलाई अनुरोध पनि गरेको थियो ।

अहिले देशभरको तापक्रम ४० डिग्री सेल्सियस नाघ्न थालेको छ । विभागले गर्मी अझै बढ्न सक्ने जनाएको छ । जलवायु विज्ञ डा. धर्मराज उप्रेतीले यसअघि नै यो वर्ष नेपालमा अनपेक्षित गर्मी हुने जानकारी दिएका थिए । गर्मी बढ्नासाथ मानव स्वास्थ्यमा विभिन्न समस्या आउन सक्ने शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका कन्सल्टेन्ट फिजिसियन डा. मिलन बज्राचार्यले बताएका छन् । गर्मी बढ्दा ब्याक्टेरिया तथा भाइरसको वृद्धिविकास हुँदा पानी तथा खानाका कारण झाडापखाला, टाइफाइड, जन्डिस लगायतका स्वास्थ्य समस्या बढ्न सक्ने चिकित्सकले बताएका छन् ।

गर्मीका बेला आउन सक्ने स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै दिउँसो घरमै बस्न, निस्कनै पर्दा छाता ओढ्न, बासी तथा सडेगलेका खाना नखान, पानी प्रशस्त पिउन, फलफूल खान र दिउँसो खेतीपातीको काम नगर्न पनि चिकित्सकहरुले सुझाएका छन् । गर्मी मौसममा एलर्जी र संक्रमणको जोखिम पनि बढी हुन्छ । जसका कारण आँखामा समेत समस्या आउन सक्ने बताइएको छ । यसका साथै गर्मी बढ्दा मुटुको समस्या पनि निम्तिने चिकित्सकको भनाइ छ ।

गर्मीयाममा शरीरबाट पसिना बढी निस्कने भएकाले शरीरमा पानीको मात्रा कम हुन्छ । त्यसले रक्तचाप घट्छ, जसले मुटुरोगीलाई जोखिममा पर्न सक्छ । पानी कम हुँदा डिहाइड्रेसन हुने, बेहोस हुने र मुटुका रोगीको त मृत्यु नै हुनसक्ने चिकित्सकको भनाइ छ । यस्तो अवस्था पछिल्लो वर्षहरुदेखि नै देखिँदै आएको छ । पृथ्वीको तापक्रम वृद्धि भई बढेको गर्मी र त्यसले पार्न सक्ने जोखिमका लागि हामी आफैं जिम्मेवार छौं । बढ्दो जनघनत्व, सवारीको चाप, कलकारखाना तथा भौतिक विकासका नाममा भइरहेको वनफँडानी र मानव उत्सर्जित प्रदूषणले जलवायु परिवर्तन भइरहेको छ । यसको असरबाट विश्वको कुनै कुनामा बसेका मानव जाति जोगिन सक्दैन । त्यसमाथि ठूला तथा विकसित देशले गरेको आणविक हातहतियारको उत्पादन, प्रयोग तथा भौतिक विकासले पारेको असरको क्षतिबाट हामी समेत पीडित हुन थालेका छौं । यस्तोमा जिम्मेवार निकायले बढी गम्भीर तथा प्रभावकारी कदम चाल्न जरुरी छ ।

# मृत्युको प्रमुख कारण बन्दैछ

# मस्तिष्क रक्तश्राव



प्रा. डा. राजीव झा

मस्तिष्क यस्तो अङ्ग हो, यसमा एक पटक समस्या भएपछि पूर्णरुपमा समाधान हुन कठिन हुन्छ। मस्तिष्क लचकदार एवम् खुम्चन सक्ने प्रकृतिको हुन्छ। यो दही जस्तो जमेको स्थितिमा हुन्छ। जब मस्तिष्कमा रक्तश्राव हुन्छ, तब त्यसले मस्तिष्कलाई खुम्चिन र फैलन दिँदैन। रगत तरल अवस्थामा भए पनि बाहिर बगेपछि यो ठोस हुन्छ। यसले मस्तिष्कलाई दबाब दिन थाल्छ। जति धेरै रक्तश्राव हुन्छ, उत्ति नै बढी जोखिम हुन्छ। कतिपय अवस्थामा मस्तिष्क रक्तश्रावले तुरुन्तै मान्छेको मृत्यु हुन सक्छ।

मस्तिष्कका विभिन्न समस्यामध्ये मस्तिष्क रक्तश्राव (ब्रेन ह्यामरेज)लाई एक प्रमुख जटिल समस्याका रुपमा लिने गरिन्छ। यो एक प्रकारको मस्तिष्कघात (स्ट्रोक) नै हो। मस्तिष्क रक्तश्राव भन्नाले मस्तिष्कभित्रको सानो या ठूलो रक्तनली फुटी मस्तिष्कभित्र रगत जम्नुलाई बुझिन्छ। मस्तिष्कमा रक्तसञ्चार ज्यादा भएर रक्तनली फुटी रक्तश्राव हुनु नै मस्तिष्क रक्तश्राव हो। यसले गर्दा मस्तिष्कघात, पक्षघात वा प्यारालाइसिस जस्ता समस्याहरु निम्त्याउँछ।

मस्तिष्कघात मृत्युको चौथो वा पाँचौं नम्बरमा पर्दछ। मस्तिष्क रक्तश्रावले मानव शरीरलाई क्षति पुऱ्याइ ज्यानसम्म जाने हुन्छ। तर, समय मै सही उपचार गर्न सकियो भने ज्यान बचाउन सकिन्छ। एकचोटी मस्तिष्कमा असर परिसकेपछि कसै-कसैमा शारीरिक दुर्बलता अर्थात् पक्षघात पनि हुन सक्छ। तथापि उपचारपछि बिरामी राम्रो भई पूर्व अवस्थामा फर्केका उदाहरण पनि प्रशस्त छन्।

मस्तिष्क रक्तश्रावको प्रमुख कारण उच्च रक्तचाप नै हो। त्यसबाहेक एभिएम, ट्युमर रक्तश्राव र रगत पातलो हुने औषधिको सेवन जस्ता कारणले पनि मस्तिष्क रक्तश्राव हुने गर्दछ। मुटुको रोगमा प्रयोग हुने मस्तिष्कमा रक्तश्राव हुना साथ सास फेर्न कठिन हुने र पक्षघात हुन सक्ने अवस्था रहन्छ। मस्तिष्क रक्तश्राव भएका १० प्रतिशत बिरामीको मृत्यु हुन सक्छ भने पक्षघात हुने जोखिम ७० प्रतिशतमा हुन सक्छ। मस्तिष्क रक्तश्राव कति भएको छ, त्यही अनुरुप उपचार कति सम्भव छ वा छैन भन्न सकिन्छ। पाँच एमएल मात्र रक्तश्राव भएको छ भने उपचारपछि त्यसको नतिजा सकारात्मक हुन्छ। यदि सय एमएल रक्तश्राव भएको छ भने उनीहरुको दुई घण्टामै मृत्यु हुनसक्ने जोखिम उच्च रहन्छ।

मस्तिष्कघात हुने अवस्था दुई किसिमको हुन्छ, मस्तिष्क रक्तश्राव भएर हुने र मस्तिष्कमा रगत आपूर्ति नभएर हुने। यी दुई मध्ये दिमागको नसा सुक्ने समस्या ८५ प्रतिशतमा छ भने १५ प्रतिशतमा मस्तिष्क रक्तश्राव रहेको अनुसन्धानले देखाएको छ। ब्रेन ह्यामरेज वा नसा सुकेमा त्यसले आँखा, कान, घाँटीमा समस्या आउनुको साथै शरीरका कुनै अङ्गमा प्यारालाइसिस हुने,



छारेरोग हुने जस्ता प्रत्यक्ष समस्या देखिन सक्छ। मस्तिष्कमा रगत जाने नली सुक्यो वा बन्द भयो भने यस्तो समस्या हुन्छ। जुन किसिमले यसको समस्या बढ्दैछ आगामी पाँच/सात वर्षमा एक नम्बरमा पर्ने देखिन्छ।

किनकि मानिसहरुको बदलिँदो जीवनशैली, खानपिन, तजावले गर्दा स्ट्रोकको जोखिम उच्च दरमा बढिरहेको छ। जे कारणले मस्तिष्कघात भएको छ, त्यसमा ध्यान दिएमा सजिलै बचाउन पनि सकिन्छ। तर, धैरै मानिसमा समस्या थाहा पाएपछि पनि वास्ता नगर्ने प्रवृत्ति छ। उमेर अनुसार स्वास्थ्य जाँच नगर्ने, औषधि सेवन नगर्ने, व्यायाम नगर्ने, खानामा लापरवाही गर्ने, आराम नगर्ने, निन्द्रा नपुऱ्याउने, तनाव लिनेजस्ता कारणले पनि पछिल्लो समय स्ट्रोकको समस्या बढ्दो छ।

मस्तिष्क रक्तश्राबको मुख्य कारण उच्च रक्तचाप नै हो। उच्च रक्तचापको समस्या धेरै छ। रक्तचापको बिमारी जति पुरानो हुँदै गयो, रक्तचाप जति बढ्दै गयो रक्तनलीहरु त्यतिनै पातलो हुँदै खिइँदै जाने हुँदा रक्तनलीमा प्वाल परी फुट्ने र रक्तश्राब हुने जोखिम रहन्छ। कतिपय व्यक्तिले रक्तचाप नियन्त्रण भयो भनेर औषधि छोड्ने गर्दछन्। यस्तो अवस्थामा रक्तचाप अचानक उच्च हुन पुगी नशा फुटी मस्तिष्क रक्तश्राब हुन्छ। त्यसैले उच्च रक्तचापलाई नियन्त्रण गर्न नियमित औषधि खानु पर्दछ। स्ट्रोक भएको साढे चार घण्टामा अस्पताल पुऱ्याउन सके बिरामीलाई बचाउन सकिन्छ।

धेरैले स्ट्रोक भएमा घरमै आराम गराएर राख्ने गर्छन्। नसा फुटेको अवस्थामा पनि शल्यक्रियाबाट उपचार गर्न सकिन्छ।

**मस्तिष्क रक्तश्रावका लक्षण र उपचार**

मस्तिष्क रक्तश्राव एक आकस्मिक अवस्था हो। यो समस्या अचानक आउँदछ र यसले क्षणभरमै गम्भिर अवस्था ल्याउन सक्छ। टाउको दुख्नेक्रम नियमितरुपमा बढ्दैछ, निद्रा लाग्दैन, बिहान उठ्ने बित्तिकै वान्ता हुन्छ, आँखा हेर्न गाह्रो पर्छ भने स्ट्रोकको लक्षण हो। अचानक टाउको दुख्नु, बेहोस हुनु, बान्ता हुनु, शरीरको एक पाखा नचली पक्षघात हुनु आदि यसका लक्षणहरु हुन्। साथै क्षारेरोगको कम्पन हुनु, बोली नखोल्नु, आँखा, मुख टेँडो हुनु जस्ता समस्याहरु पनि हुन सक्छ। यस्ता लक्षणहरु देखिना साथ तुरुन्त चिकित्सकलाई देखाउनुपर्छ।

रक्तश्रावको अवस्थाअनुसार बिरामीलाई औषधि खुवाउने वा शल्यक्रिया गर्ने भन्न सकिन्छ। रक्तश्रावको मात्रा ३० मिलीभन्दा कम छ भने औषधि सेवनबाट पनि ठीक हुन्छ। यदि रक्तश्राव धेरै ठूलो छ र यसको मात्रा ३० मिलीभन्दा धेरै छ र बिरामीको अवस्था पनि नाजुक अवस्थामा छ भने औषधि उपचारले मात्रै ठीक नभई शल्यक्रिया नै गर्नुपर्ने हुन्छ। शल्यक्रियाबाट जमेको रगत निकालिन्छ। अभ्यासमा सयमा ८० जनालाई यसरी औषधिबाटै निको भएको छ भने बाँकी २० जनालाई मात्रै शल्यक्रिया गर्नुपर्ने हुन्छ।

**नतिजा सन्तोषजनक छैन**


नेपालमा न्युरो रोगको उपचारको अवस्था राम्रो छ। यहाँ जस्तोसुकै शल्यक्रिया पनि गर्न सम्भव छ। शल्यक्रिया मस्तिष्क रक्तश्रावको एक राम्रो उपचार विधि हो। सही समयमा उपचार गरेर यस रोग लागी गम्भिर अवस्थामा पुगेको बिरामीलाई बचाउन सकिन्छ। तर, सही समयमा सही शल्यक्रिया नगर्ने हो भने बिरामीको ज्यान उच्च जोखिममा पर्न सक्दछ। शल्यक्रिया हामी सबैको लागि एक आवश्यकता तथा बाध्यता हो रहर होइन। रक्तश्राबको शल्यक्रिया भन्नाले अपरेशन गरेर मस्तिष्कभित्र रहेको रगतको ढिक्कालाई निकालिन्छ। बिरामीको ज्यान बचाउन र शरीरिक क्षतिलाई कम गरी दुर्बल र अपाङ्ग हुनबाट बचाउन शल्यक्रिया गरिन्छ। शल्यक्रियाबाट त्रसित नभई समयमा सही उपचार गरी ज्यान बचाउनका लागि अनिवार्यका रुपमा लिनु पर्दछ।

नेपालको उपचार अवस्थालाई विकसित देशहरुको तुलनामा नराम्रो भन्न मिल्दैन तर नतिजा भने सन्तोषजनक छैन। मस्तिष्क रक्तश्राबको समस्या हाम्रो जस्तो विकासोन्मुख मुलुकहरुमा मात्र नभएर अमेरिकाजस्ता विकसित देशमा पनि बढ्दै गएको छ। तर, त्यहाँ रोगको लक्षण देख्नासाथ चिकित्सकसँग परीक्षण गरी उनीहरुको सल्लाह अनुसार उपचार गराउँछन् भने हाम्रो जस्तो देशका नागरिकमा रोगलाई महत्व नदिने वा त्यस अनुसार नसा सम्बन्धी पालना गर्नुपर्ने अनुशासनतर्फ वास्ता नगर्ने प्रवृत्ति निकै छ।

अधिकांश बिरामीहरुको सफल उपचारपछि पनि सामान्य अवस्थामा आउन सकेका छैनन्। अस्पतालबाट डिस्चार्ज हुने बित्तिकै उनीहरुलाई पुनःस्थापना केन्द्रमा राखेर हेर्नुपर्ने हुन्छ। देशमा सरकारीस्तरमा यस्ता पुर्नस्थापना केन्द्रहरु छैनन्, निजी क्षेत्रबाट स्थापना भएका केन्द्रहरु आर्थिक हिसाबले महङ्गो मात्र होइन, कतिपयले व्यापारिक हिसाबले मात्र सञ्चालन गर्न खोज्दा स्तरीय पनि छैनन्। यस्ता विरामीलाई घरमा लैजाँदा आवश्यक हेरविचार पुग्न सक्दैन। यसले गर्दा बिरामीको छ महिना पनि नपुग्दै मृत्यु हुने गर्दछ।

# सकारात्मक सोच

लक्ष्मीप्रसाद कोइराला



मान्छे जिज्ञासु हुनाले अरू प्राणीभन्दा फरक छ। त्यही स्वभावले गर्दा नै अहिलेको उन्नति र प्रगति सम्भव भएको हो। चेतनाको विकाससँगै उसले गरेका यावत् वैज्ञानिक आविष्कार र भौतिक उन्नति-प्रगतिको परिणाम मानिस नेपालमा खाना खाएर अमेरिकामा चुठ्न पुग्न सक्ने भएको छ। अझै बेलायतमा निदाएर चीनमा उठ्न पुग्ने हुनुको प्रमुख कारण त्यही जिज्ञासु स्वभाव, वस्तुनिष्ठ सही दर्शनको बोध र आधुनिक वैज्ञानिक चेतनाको द्योतक हो भन्दा फरक पर्दैन होला।

वास्तवमा भन्ने हो भने मानिसको जिज्ञासु स्वभाव र वैज्ञानिक चेतनाले गर्दा नै आजको विकास सम्भव भएको छ तर त्यो स्वभावलाई जोख्न र तौलन सक्ने कुनै प्रणालीको ढकतराजु चाहिँ मान्छेले आविष्कार गर्न सकेको छैन। विभिन्न नीति-नियम र कानूनी दायराभित्र राखेर व्यक्ति र समाजको व्यवहार, चालचलन र आनीबानीमा परिवर्तन ल्याउन सक्ने सकारात्मक सोच, विचार, सिद्धान्त नै सही दर्शन हो भन्दा अतियुक्ति नहोला।

कुरा सही दर्शनकै हो। सही भनेको साँचो भनौं वा सत्य भनौं अथवा ठिक भन्ने सन्दर्भमा पनि बुझ्न सकिन्छ। दर्शन भनेको विचार र सिद्धान्त हो। अझै एक कदम अगाडि बढेर भन्नुपर्दा प्रत्येक वस्तुलाई हेर्ने मान्छेको आआफ्नो दृष्टिकोण हुन्छ। यही दृष्टिकोणका आधारमा विचार तयार हुन्छ। दृष्टिकोण मान्छे अनुसार फरक-फरक हुन्छ। कुनै ठिक हुन सक्छन्। कुनै बेठिक हुन सक्छन्। एउटा यथार्थ चाहिँ के हो भने ठिक हुनका लागि बेठिक चाहिन्छ र बेठिक हुनका लागि त्योभन्दा अगाडि ठिक चाहिन्छ। कल्पना गर्नुस् त राम्रो हुनका लागि नराम्रो नै छैन भने कसरी राम्रो हुन सकिन्छ ? भन्नुको मतलब काम गर्दा प्रतिक्रिया आउनु स्वभाविक हो, तर त्यसलाई पर्गेल्ने सही दर्शनको अभाव भने खड्किन नदिई अगाडि बढ्ने हो भने जुनसुकै काम पनि सम्भव छ। काम गर्दा प्रतिक्रिया आउँछ भनेर डराउनु हुँदैन। डराउन आवश्यक पनि छैन।

परापूर्वकालका मान्छेलाई पानीको नियम थाहा थिएन। त्यो बगेर खेर जान्थ्यो। बाढीपहिरो आएर गाउँबस्ती बगाई दिन्थ्यो। समतल फाँटहरू जलमग्न भएर धनजनको ठूलो क्षति हुन्थ्यो। बर्खा लागेपछि सधैं त्यही अवस्था व्यहोर्नु पर्दा विक्षिप्त भएर उसले धारेहात लगाउँदै नानाथरी सराप्थ्यो। खोलाको पानीलाई विनाशकारी संज्ञा भिराइन्थ्यो। 'थुक्क साउने झरी कति बर्सेको नि !' भनी गाली गर्ने परम्परा नेपाली समाजमा नै थियो।

आज आएर मान्छेले पानीको नियम बुझ्यो। त्यसको चामत्कारिक शक्ति पत्ता लगायो। बगेर खेर जाने पानीलाई बाँध बाँधेर बाइरोडको बाटोमा गाडी कुदाए झैं नहर बनाएर पहाडै पहाड बगायो। पल्लाघरे जेठा दाजुको डाँडाखेतको उब्जनी बढायो। डोकोमा घैला बोकेर पानी लिन जाँदा हैरान भएकालाई सुविधा दियो। घर-घरमा धारो आइपुग्यो। अन्ततः खोलाको पानी देखेर कसरी तर्ने होला भनी भुटभुटिने मान्छेले विद्युत् ऊर्जा निकाल्न सक्यो।

समुद्रमा पिल्लर ठड्याएर विमान स्थल बनाउन थाल्यो। पानीलाई ऊर्जा शक्तिमा रूपान्तरण गरी तारतारमा कुदाउँदै घरघरमा पुऱ्यायो। अँध्यारोमा छामछाम छुमछुम गर्दै झुलो-चकमक खोज्ने हजुरबा-हजुरआमाहरूलाई पुसमाघको ठण्डीमा हिटरको स्विच अन गर गर भन्दै हिटर ताप्ने रहर जगायो। कलकारखानालाई चलायमान गराउने ऊर्जा बनेर आयो। कला-साधकको घरमा उज्यालो बत्ती बनेर मात्र होइन, गीतकारको झङ्कार बन्यो। क्यासिनोको स्वर उराल्न पुग्यो। बगेर खेरजाने पानी आखिरमा बरदान साबित भयो।

यो सबको परिणाम तपाईं मान्नुहोस् नमान्नुहोस्, मान्छेले प्रतिपादन गरेको सही दर्शन र विचारले गर्दा नै हो। यसरी के स्पष्ट हुन्छ भने कुनै पनि वस्तुलाई मान्छेले प्रयोग गर्न जान्यो र सकारात्मक सोचले हेर्यो भने नराम्रो वस्तु पनि राम्रो हुन्छ तर दृष्टिकोण नै नकारात्मक भएको मान्छेले राम्रो वस्तु नै प्रयोग गर्दै छ भने नराम्रो नै देख्छ। अनि बहस गर्नुको सट्टा कुतर्क गर्दै विरोध गर्न थाल्छ। उदाहरणका लागि अमृतलाई नै लिऊँ। सकारात्मक सोच विचार भएकाहरूले अमृतका बारेमा के भन्लान् भने यो पदार्थ धेरै खायो भने मिठो हुन्छ, अनन्त कालसम्म जिउन सकिन्छ।

आहान अनुसार यसको सेवनले मान्छेको मृत्यु हुन्न रे भन्दै अनेक सकारात्मक कुरा भन्ला। त्यस्तै नकारात्मक सोच भएको मान्छेले त्यही अमृतलाई ठिक विपरीत देख्छ र भन्छ- आयो अमृत भन्ने अनन्त कालसम्म बचाउने पदार्थ नै छैन, मानौं भए पनि धेरै खायो भने तितो हुन्छ, अनन्त कालसम्म बाँचेर दुःख बेसाउनुभन्दा चाँडै देहत्याग गरेको नै राम्रो, सधैं बाचिरहेर दुःख बेसाउन आवश्यक छैन। यसरी नानाथरीका नकारात्मक बहानाबाजी अगाडि सारेर अमृत जस्तो पदार्थको पनि विरोध मात्र गरिरहन्छ।

हुन त प्रत्येक वस्तुमा राम्रो र नराम्रोबीच द्वन्द्व चलिरहेको नै हुन्छ। तर, त्यसलाई मूल्याङ्कन गरी राम्रो र नराम्रो वस्तुका बीच औसतमा कुनमा गुण बढी छ भनेर छुट्याउन सकारात्मक सोच र सही दर्शन चाहिन्छ। नकारात्मक सोचको अडेस लागेर गरिने कार्यको परिणाम सकारात्मक हुनै सक्दैन। त्यो अडेस खुस्कने बित्तिकै परिणाम पनि यसै हुन्छ भन्न सकिन्न। सकारात्मक सोच राखेर 'सबै मिलेर देश बनाउने हो' भनेर लाग्ने हो भने यहाँ हिमाली मुहान र अटुट जलाधारका दर्जनौं नदीनाला छन्।

तिनीहरू हिउँ परेसम्म, बङ्गालको खाडीबाट निस्कने मनसुन ऋतु-चक्र अनुसार भित्रिएसम्म बगिरहन्छन्। अनि हामीले जल सम्पदामा धनी हुने सौभाग्य पाइरहन्छौं। हामीले नजान्दा यी पानी पानी मात्रै भएका छन्। त्यसै खेर गइरहेका छन्। जान्यो भने यी पानी-पानी मात्र होइन, सेतो सुन हो, हाम्रो प्राण हो, बोटबिरुवाको त्राण हो र कारखानाको इन्धन हो। यस्तै सकारात्मक सोच राखेर पानीको उपयोगिता बुझेर विकास गर्न सकेमा नेपाल र नेपालीको जीवन उज्ज्वल हुने निश्चित छ। गोप

सामाजिक सञ्जाल

क्रिकेटर सन्दीप लामिछानेलाई अमेरिकामा हुने क्रिकेट खेलमा भाग लिन प्रवेश आज्ञा नदिएपछि आफ्नो देशका अब्बल खेलाडीको सहभागिताका लागि कूटनीतिक प्रयास गर्नु सरकारको कर्तव्य हो। नेपाल सरकारले के-कस्तो प्रयास गरेछ त ? सरकारले सार्वजनिक रूपमा स्पष्ट गर्ला कि ?

– भीम रावल






जोक्करको बाहुल्यता भएको देश सुधार्नु छ भने सुधारकर्ता पनि जोक्कर नै बन्नु पर्दछ। यदि जोक्कर बन्न नसक्ने हो भने पीडा सहन गर्न सक्नु पर्दछ !

– चन्द्र भण्डारी

संविधानबारे मनमा धेरै कुरा आइरहेछन्। मलाई अहिले लाग्न थालेको छ : विश्वास प्राप्त प्रधानमन्त्रीलाई समय अगावै पनि संसदीय निर्वाचनमा जाने अधिकार राख्नुर्थ्यो।

– निलाम्बर आचार्य



# पथरीशनिश्चरेका १३ वटा विद्यालयलाई कक्षा घटुवाको पत्र




**पथरीशनिश्चरे, जेठ १२।** मोरङको पथरीशनिश्चरे नगरमा रहेका विद्यार्थी संख्या थोरै भएको १३ वटा विद्यालयहरुलाई कक्षा घटुवा हुने पत्र दिइएको छ।

पथरीशनिश्चरे नगर शिक्षा विभागले आगामी शैक्षिक सत्रसम्ममा विद्यार्थी संख्या नवढे कक्षा घटुवा हुने पत्र प्रदान गरेको हो। नगरका शिक्षा विभाग प्रमुख शालीग्राम काफ्लेले जानकारी दिए। उनका अनुसार पथरीशनिश्चरे नगरपालिकामा दुई वटा माध्यमिक तह, १० वटा आधारभूत विद्यालय (कक्षा १-८) र एउटा संस्कृत विद्यालयलाई घटुवाको पत्र पठाइएको छ।

वडा नं. ४ को सिद्धार्थ आविमा विद्यार्थी संख्या कम भएको कारण यसै वर्षदेखि कक्षा ५ बाट घटाएर कक्षा ३ सम्म मात्र पठनपाठन गर्न घटुवाको पत्र दिइएको शिक्षा विभागले जनाएको छ। अन्य विद्यालयहरुलाई केही हप्ताअघि तोकिएको विद्यार्थी संख्या नपुऱ्याए घटुवा गरिने पत्र दिइएको हो। वडागत हिसावले हेर्दा घटुवाको पत्र पाउनेहरुमा वडा नं. १ बाट एउटा, २ नं. वडाका दुई वटा, ३ बाट एउटा, वडा नं. ४ बाट दुई वटा, ५ नं. वडाबाट एउटा, ६ नं. वडाबाट तीन वटा, ७, ८ र ९ नं. वडाबाट एक-एक वटा विद्यालय रहेका प्रमुख काफ्लेले बताएका छन्।

विद्यार्थी संख्या कम भएर कक्षा घटुवाको पत्र पाउने विद्यालयहरु क्रमशः सरस्वती आवासीय विद्यालय, विश्वनाथ संस्कृत पाठशाला, सामाजिक आवि, जनकल्याण आवि, सिद्धार्थ आवि, जनता आवि, दुर्गा आवि, शिक्षा सदन आवि, शहीद रामलक्ष्मण आवि, मिलन आवि, सिरीजंगा आवि, सुनाखरी मावि र दुर्गा मावि रहेका छन्।

हाल नगरपालिकाभित्र २७ वटा विद्यालय, तीन वटा बाल विकास केन्द्र र एउटा संस्कृत पाठशाला गरेर ३१ वटा सरकारी शैक्षिक संस्थाहरू रहेका छन्। सो विद्यालयहरुमा गत शैक्षिक सत्रको तथ्याङ्क अनुसार नौ हजार सात सय ३८ जना विद्यार्थीहरु अध्ययनरत् रहेका छन् भने नगरभर दुई सय ६४ जना शिक्षक रहेका शिक्षा अधिकृत नवीन खुलाल बुढाथोकीले जानकारी दिए।

# कृषि पेशामा रमाउँदै राम सर




**माई, जेठ १२।** शिक्षण पेसाबाट पेन्सन भएका रामबहादुर मगर (राम सर) आजभोलि घरभन्दा एक किलोमिटर माथि रहेको कृषि फर्ममा व्यस्त रहने गरेका छन्।

कृषि फर्म नै दर्ता गरेर व्यावसायिक सब्जी खेतीमा लागेका राम सर गत वर्षमात्र गरुवा आधारभूत विद्यालयबाट सेवानिवृत्त भएका थिए। उनले आफ्नो कृषि फर्मबाट उत्पादन गरेको सब्जीहरु हजारौं रुपैयाँको बिक्री गरिरहेका छन्।

स्थानीयको पाठशालाकै रुपमा सञ्चालन गरेका कृषि कर्मले सबैलाई कृषि कार्यको प्रेरणाको श्रोतका रुपमा देखाइरहेका छन्। रेश्मा एकीकृत कृषि तथा पशुपंक्षी फर्म माई नगरपालिका-४ धरमपुरका नामबाट विभिन्न कृषि उत्पादन गर्दै रहेको सञ्चालक रामबहादुर (राम सर)ले बताए।


उनले भने- 'सकेसम्म विषादिरहितको सब्जी उत्पादनमा जोड दिएका छौं, अर्ग्यानिक उत्पादनमा सबैलाई विश्वास दिलाउन प्रयासमा छौं।' आफ्नो छ रोपनी जमिनमा भिन्डी, गोलभेडा, करेला, काक्रा, बैगुन लगायतका खेतीलाई उत्पादन गर्दै आएका छन्। बजार मूल्यभन्दा सस्तो र अर्ग्यानिक सब्जी पाएपछि रेश्मा एकीकृत कृषि तथा पशुपंक्षी फर्म माई नगरपालिका-४ इलाम स्थानीयको आकर्षण फर्मका रुपमा बढेको हो।

रेश्मा एकीकृत कृषि तथा पशुपंक्षी फर्मले उत्पादन बढाए सँगै कृषि ज्ञान केन्द्र इलामले एक लाख रुपैयाँ अनुदान दिएको छ। उक्त फर्मको टनेल निर्माण, मलखाद, बीऊबिजन खरिद लगायतका लागि अनुदान दिइएको र उदाहरणीय एवम् प्रशंसनीय कार्य गरिएको कृषि सेवा केन्द्र माईका नायव प्राविधिक सहायक निरमाया तामाङ्गले बताइन्।

कृषि फर्म स्थलमै सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै फर्मका सञ्चालक मगरले अर्ग्यानिक सब्जी उत्पादनमा जोड दिएको बताउँदै थप अर्ग्यानिक उत्पादनमा सबैको हौसला आवश्यकता रहेको बताए।

फर्मका अर्का सञ्चालक ढगेन्द्र मगरको सञ्चालनमा सम्पन्न सुनुवाई कार्यक्रममा अतिथीहरु निरमाया तामाङ, विमल दहाल लगायतले शुभकामना मन्तव्य राखेका थिए।

स्थानीय समाजसेवी उमानाथ बाँस्तोला, टेकबहादुर लुङ्गेली, हरि असिम, भानुभक्त बाँस्तोला लगायत ५० जनाभन्दा बढी सहभागी रहेको कार्यक्रममा रेश्मा एकीकृत कृषि तथा पशुपंक्षी फर्मको समेत अनुगमन गरिएको थियो।




# तातो हावा तथा लु लाग्दाका लक्षणहरु

झापासहित देशभर गर्मी बढेको छ। गर्मी बढेसँगै गर्मीका कारण विभिन्न रोगको संक्रमण बढ्नेक्रम बढेको चिकित्सकहरूले बताएका छन्। गर्मीका समयमा अनावश्यक रूपमा बाहिर ननिस्कन आग्रह गर्दै झोलिलो र चिसो खानेकुरा बढि मात्रामा खान चिकित्सकहरूले आग्रह गरेका छन्।

अहिले देशका सबै भागमा गर्मी असाध्यै बढेको छ। अझ तराईमा त तातो हावा तथा लु ले जनजीवन प्रभावित गर्न थालेको छ। तातो हावा तथा लु लाग्दा यस प्रकारका असरहरू देखिने गर्छन्।

- हृदयको गति तीव्र हुने।
- श्वासप्रस्वास र रक्तचाप कम हुने।
- शरीरबाट पसिना ननिस्कने।
- टाउको अत्यधिक दुख्ने।
- चक्कर लाग्ने, अचेत हुने।
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने।
- छाला सुख्खा, रातो र तातो हुने।

गर्मीमा आफनो स्वास्थ्यको अझ बढी ख्याल गर्नुपर्ने हुन्छ। माथि उल्लेखित लक्षण देखिएमा तुरून्त स्वास्थ्य संस्थामा सम्पर्क गर्न जरूरी हुन्छ। यसबाट जोगिनका लागि सकेसम्म दिउँसोको समयमा घरबाट बाहिर निस्कन हुँदैन्। त्यसैगरी केही गरेर बाहिर निस्कनै परेमा छाताको प्रयोग गर्ने तथा पातलो कपडा टाउकोमा राखेको राम्रो।

बढी गर्मी हुने हुँदा प्रसस्त पानी तथा फलफूलको जुस पिउने, चिसो पानीले बिहान-बेलुका नुहाउने गर्नुपर्छ। बढी गुलिया पेयपदार्थ चिया, कफी सकेसम्म नपिउने वा कम गर्ने गर्नु यो बेला उत्तम मानिन्छ। यो बेला खेतबारीको कामको पनि चटारो हुने गर्छ। यस्ता काम सकेसम्म बिहान र बेलुकामा गर्दा तातो हावाले असर गर्न पाउँदैन।

# 'सपनाहरुको बही' कविता संग्रह सार्वजनिक




**बुट्टाबारी, जेठ १२।** कवि अभागी थेगुवाले 'सपनाहरुको बही' कविता संग्रह बजारमा ल्याएका छन्।

श्रष्टा पब्लिकेसनद्वारा प्रकाशित उनको कविता संग्रहको दमकमा एक कार्यक्रमका बीच लोकापर्ण भएको हो। वरिष्ठ साहित्यकार केशव आचार्यको प्रमुख आतिथ्य तथा पूर्वका अग्रज श्रष्टाहरुको उपस्थितिमा कृतिको संयुक्त रुपमा लोकापर्ण गरेका थिए।

श्रष्टा पब्लिकेसनका अध्यक्ष सुन्दर कुरुपको अध्यक्षतामा भएको कृति सार्वजनिक समारोहमा कृतिको श्रष्टा तथा सामाजिक क्षेत्रका अगुवाहरुले नेपाली साहित्यिक क्षेत्रमा यस कृति पठनयोग्य भएको चर्चा गरेका थिए।

कृतिमाथि लेखक थेगुवाले कृतिको विषयवस्तु प्रकाश पार्नुका साथै कृतिको एउटा कविता सुनाएका थिए। कार्यक्रममा वक्ताहरु प्रकाश थाम्सुहाङ, लीला अनमोल, प्रकाश बुढाथोकीसहितका श्रष्टाले कृतिको विषय माथि चर्चा गरेका थिए।

कार्यक्रममा प्राज्ञहरु मुनाराज शर्मा, सुमित्रा वाङदेल, चन्द्र भण्डारी, शिवशंकर थापा, हेम अधिकारी, हस्त परियार, पुन्य प्रसाद खरेल, विवश बलिभद्र कोइराला, कृष्ण बराल लगायतका श्रष्टाहरुको उपस्थिति रहेको थियो।

सोही अवसरमा श्रष्टा पब्लिकेसनको औपचारिक रुपमा उद्घाटन समेत गरिएको थियो। कार्यक्रममा स्वागत पब्लिकेसनका याम थुलुङ्ग र सहजीकरण कवि राजकुमार सुब्बा अनिश्चितले गरेका थिए।

# असारभित्र नगर अस्पताल सञ्चालन हुने

**झापा, जेठ १२।** शिवसताक्षी नगरपालिकामा चालू आर्थिक वर्षभित्र नगर अस्पताल सञ्चालन हुने भएको छ।

सुविधासम्पन्न भवन निर्माण भएसँगै १५ शय्याको नगर अस्पताल चालू आर्थिक वर्षभित्रै सञ्चालनको तयारी गरिएको हो। शिवसताक्षी नगरपालिका-६ मा रु. १० करोड ६७ लाखमा ठेक्का लागेर पाँच वर्षपछि डेढ बिगाह जमिनमा निर्माण सम्पन्न भइसकेको पालिकाले जनाएको छ।

यस अस्पतालबाट जिल्लाको दक्षिणी भेगका स्थानीय तहहरु गौरादह, गौरीगञ्ज, शिवसताक्षी, झापा गाउँपालिकाका नागरिकहरुले उपचार पाउने नगरपालिकाका सूचना अधिकारी प्रकाश चौधरीले जानकारी दिए। अस्पतालका लागि ३० जनाको दरबन्दी रहने गरी मन्त्रालयले सङ्गठानात्मक स्वरुप पठाइसकेको उनले जानकारी दिए।

अस्पतालमा चार जना मेडिकल अधिकृत, नर्स तथा अन्य स्वास्थ्यकर्मीले सेवा दिने छन्। अस्पतालबाट २४सै घण्टा सेवा उपलब्ध गराउने नगरपालिकाको योजना छ। नगर अस्पताल सञ्चालन भएपछि उपचारका लागि बाहिर जानुपर्ने बाध्यताको अन्त्य हुने अपेक्षा गरिएको छ। अस्पतालमा विद्युत, पानी र कोठाको व्यवस्थापन गर्न बाँकी छ।

यसअघि बिर्तामोड, कनकाइ, दमक, बुद्धशान्ति र अर्जुनधारा नगरपालिकाले नगर अस्पताल सञ्चालनमा ल्याइसकेका छन्।

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*

सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| प्रकाश अधिकारी | गौरादह -७ | १३४३<br>१३४५ | ३३८.६३<br>२३७०.४१ | रुद्र अधिकारी<br>" |
| प्रकाश अधिकारी | गौरादह -७ | १३४३<br>१३४५ | ३३८.६३<br>२३७०.४१ | खड्गबहादुर कामी<br>" |
| प्रकाश अधिकारी | गौरादह -७ | १३४३<br>१३४५ | ३३८.६३<br>२३७०.४१ | रिसि भक्त अधिकारी<br>" |
| प्रकाश अधिकारी | गौरादह -७ | १३४३<br>१३४५ | ३३८.६३<br>२३७०.४१ | किशन मुर्मु सतार<br>" |
| पदम प्रसाद अधिकारी | गौरादह -७ | १८५<br>१८८ | ७३७०.००<br>१८९५.०० | रुद्र बहादुर अधिकारी<br>" |
| पदम प्र. अधिकारी | गौरादह -७ | १९१ | ९५८५ | किशन मुर्मु सतार |
| विश्व प्रसाद अधिकारी | गौरादह -७ | ४७५<br>४७६ | ९८०.००<br>१७२६२.७४ | रुद्र बहादुर अधिकारी<br>" |
| विश्व प्रसाद अधिकारी | गौरादह -७ | ४७५<br>४७६ | ९८०.००<br>१७२६२.७४ | खड्ग बहादुर कामी<br>" |
| विश्व प्रसाद अधिकारी | गौरादह -७ | ४७५<br>४७६<br>१९२ | ९८०.००<br>१७२६२.७४<br>८१५.०० | किशन मुर्मु सतार<br>"<br>" |
| विश्व प्रसाद अधिकारी | गौरादह -७ | ४७५<br>४७६ | ९८०.००<br>१७२६२.७४ | रिसिभक्त अधिकारी<br>" |
| रघुनाथ ढकाल | दमक- ३ | ३६७८<br>८९७० | १-१०-०<br>१-७-० | टिका लाल धिमाल<br>" |
| मन्ना लम्साल | महेशपुर-५ | ८०५ | १-०-० | शुभावाहा मित्रुका |

**बराल ट्याक्सी सर्भिस**
**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** समय मिश्रित फलदायी रहेको छ, कहिँ कतैको यात्राको अवसर आउन सक्छ, फजुल खर्च बढेर जानेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अधुरा रहेका कामहरू सिद्ध भएर जाने योग रहेको छ, उच्च अधिकारीबाट साथ, सहयोग मिल्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मनमा सन्ताप बढेर जानेछ, खर्च बृद्धिको योग छ, विपरीत लिङ्गी मित्रबाट धोका हुन सक्छ, स्वास्थ्यले साथ दिने छैन।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आजको दिन फलदायी छ, छोटो दुरीको रोमान्टिक यात्रा हुनेछ, साथीभाइले सहयोग पुऱ्याउने छन्, मन प्रशन्न रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्यले साथ दिने छैन, चिसोबाट बच्नुहोला, घाँटीको समस्या बढेर जान सक्छ, साथीभाइले साथ दिनेछन्, आजको दिन सामान्य रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समय राम्रो रहेको छ, व्यापार-यवसायमा लाभदायक योग परेको छ, मेहनतले गरेको काममा यथोचित लाभ मिल्नेछ, मन प्रशन्न रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** कर्म क्षेत्र प्रगतिशील बन्नेछ, जुनसुकै काम गरे पनि सिद्ध हुने योग छ, मन हर्षित रहनेछ, साथीभाइले साथ दिनेछन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** लामो दुरीको यात्रा हुने सम्भावना रहेको छ, खर्चमा विशेष निगरानी गर्नुपर्ने देखिन्छ, आफन्तबाट सुखद् समाचार सुनिनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समय त्यति राम्रो चलेन, मन अशान्त र निराश रहन सक्छ, पारिवारिक बारणबाट मनमा चिन्ता र असन्तुष्टि हुन सक्छ, धैर्य रहनुहोला

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पढाई तथा प्रेममा सफलता हुने देखिन्छ, रचनात्मक तथा कलाकारीतामा मन जानेछ, सन्तान पक्षबाट सन्तुष्टि मिल्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** स्वास्थ्यको ख्याल गर्नुहोला, मन अशान्त रहन सक्छ, कष्ट, रोग, घाटा तथा आकस्मिक संकटबाट टाढा रहनु पर्दछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** नयाँ वश्त्र प्राप्तहुने योग छ, आफन्त तथा मित्रजनबाट सहयोग हुने योग छ, पराक्रममा बृद्धि भएर जानेछ।